आज मिति २०७६/१२/०९ गते आइतबारका दिन बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेमेन गुरुङ ज्यू अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा बिभिन्न प्रस्ताब उपर छलफल गरि देहायनुस निर्णय गरियो ।

उपस्थितिः

| नाम थर | पद |
| --- | --- |
| श्री फेन्चोक छेमेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| श्री चिरन्जीबी बराल | प्रमुख प्रशासकीय अधिकृत |
| श्री बिर बहादुर गुरुङ | कार्यपालिका सदस्य |
| श्री छिन नाम्स्या गुरुङ | |
| श्री नविन कुमार गुरुङ | |
| श्री तेन्जिङ नाम्गेल गुरुङ | |
| श्री राम्के गुरुङ | |
| श्री साङमो छिरिङ गुरुङ | |
| श्री फुल कुमारी विश्वकर्मा | |
| श्री लक्ष्मी कुमारी गुरुङ | |
| श्री देवि गुरुङ | |
| श्री फुलमाया वि.क. | |
| श्री छिरिङ आङग्याल गुरुङ | |

अन्य उपस्थिति

| | |
| --- | --- |
| श्री सूर्य प्रसाद तिमिल्सिना | सूचना प्रविधि अधिकृत |
| श्री शिब खड्का | शिक्षा अधिकृत |

**प्रस्ताब नम्बर १** :कोरोना (Covid-19) ले निम्त्याउन सक्ने बिपत सम्बन्धमा ।

**प्रस्ताब नम्बर २** : हेल्थ डेस्क संचालनको लागि खटिएका स्वास्थ्यकर्मीको सुबिधा सम्बन्धमा ।

**प्रस्ताब नम्बर ३** : कोरोना सचेतना तथा Quick Responce Team गठन सम्बन्धमा ।

**प्रस्ताब नम्बर ४** : दुई कोठे बिद्यालय भवन बांडफांड सम्बन्धमा ।

**प्रस्ताब नम्बर ५** : शिक्षक व्यबस्थापन सम्बन्धमा ।

**प्रस्ताब नम्बर ६** : राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा ।

प्रस्ताब नं. ७: हिमाली आ.बि. ब्यबस्थापन सम्बन्धमा ।

**प्रस्ताब नम्बर ८ :** गाउँ सभामा बिधेयक पेश गर्ने सहमति सम्बन्धमा ।

**निर्णय नम्बर १ :** प्रस्ताब नं. १ माथि छलफल गर्दा पर्यटक तथा तिर्थयात्रीको बढी आगमन हुने मुक्तिनाथ मन्दिर तथा कागबेनीधाममा भिडका कारण कोरोना संक्रमण फैलिन सक्ने सम्भावना भएकाले मुस्ताङ जिल्लामा आगमन गर्ने नाका घाँसा, विमानस्थल र थोरोङला भन्ज्याङबाट पर्यटक तथा तिर्थयात्री आगमनका लागि अर्को व्यवस्था नभए सम्मका लागि अनिबार्य बन्द गर्न जिल्ला बिपत ब्यबस्थापन समितिलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर २ :** प्रस्ताब नं. २ माथि छलफल गर्दा कोरोना हेल्थ डेस्क संचालनमा जोखिम मोलेर अतिरिक्त समयमा समेत खटिने स्वास्थ्यकर्मीलाई हेल्थ डेस्क संचालन रहेंदा सम्म प्रतिदिन प्रतिव्यक्ति ५०० का दरले अतिरिक्त सुबिधा दिने निर्णय गरियो ।

**निर्णय नम्बर ३ :** प्रस्ताब नं. ३ माथि छलफल गर्दा कोरोनाले निम्त्याउन सक्ने महामारीलाई मध्य नजर गर्दै गाउँपालिका बासीलाई सचेत रहन एबम संक्रमणको जोखिम न्यूनीकरणको लागि सतर्कता अपनाउन सुसूचित गर्ने निर्णय गरियो ।साथै गाउँपालिका अध्यक्षको संयोजकत्वमा तपशिलमा उल्लेखित सदस्य रहने गरी गाउँपालिका स्तरीय Quick Response Team गठन गर्ने निर्णय गरियो ।

१) फेन्चोक छेसेन गुरुङ - अध्यक्ष- संयोजक
२) दिकी गुरुङ-उपाध्यक्ष-सह संयोजक
३) बिर बहादुर गुरुङ- वडा नं. १ अध्यक्ष -सदस्य(वडा संयोजक)
४) माया गुरुङ(महिला समुह सदस्य) -झारकोट-सदस्य
५) कर्मछिरीङ गुरुङ -रानीपौवा-सदस्य
६) टसी गुरुङ-लुप्रा-सदस्य
७) छिन नामग्या गुरुङ-वडा नं. २ अध्यक्ष-सदस्य(वडा संयोजक)
८) दावा छिरिङ गुरुङ-छेंगुर-सदस्य
९) कर्माङमो गुरुङ-पुटाक-सदस्य
१०) नबिन कुमार गुरुङ-वडा नं. ३ अध्यक्ष-सदस्य(वडा संयोजक)
११) शान्ता बि.क.-नाङवे-सदस्य
१२) कुङ्गा तेन्जिन गुरुङ-छुसाङ(स्कुल अध्यक्ष)- सदस्य
१३) धर्पू गुरुङ-तेनाङ-सदस्य
१४) कर्च्युङ गुरुङ(युवा क्लब सदस्य)-चैले-सदस्य
१५) सम्दुक गुरुङ-घ्याकर-सदस्य
१६) तेन्जिन नाम्गेल गुरुङ-वडा नं. ४ अध्यक्ष-सदस्य(वडा संयोजक)
१७) न्होर्बु गुरुङ-तिरी-सदस्य
१८) पेमा ढिंडु गुरुङ-पाकलिङ-सदस्य
१९) गाप्के गुरुङ-वडा नं. ५ अध्यक्ष-सदस्य(वडा संयोजक)
२०) रिङजिन गुरुङ-टाकरजुङ-सदस्य
२१) चिरन्जीवी बगाल-प्रमुख प्रशासकीय अधिकृत-सदस्य सचिव

**निर्णय नम्बर ४** : प्रस्ताब नं. ४ माथि छलफल गर्दा आ.ब. २०७६/०७७ मा शसर्त कार्यक्रम अन्तर्गत दुई कोठे भवन र शौचालय निर्माण अनुदान बांडफांड सम्बन्धमा तपशिलमा उल्लेखित विद्यालयलाई छनौट गर्ने निर्णय गरियो ।

क)जनशान्ति मा.वि. कागबेनी- दुई कोठे भवन र शौचालय

ख) मुक्तिनाथ आ.वि. झारकोट-दुई कोठे भवन

ग) अननर्मल आ.बि. छुसाङ-दुई कोठे भवन

**निर्णय नम्बर ५** : प्रस्ताब नं. ५ माथि छलफल गर्दा हिमाली आ.बि. शाङतामा बिद्यार्थी नभएका कारण तत्कालको लागि संचालन नभएकाले तहाँ कार्यरत शिक्षक मोहनलाल थकालीलाई जनप्रिय आ.बि झोङ र राज किशोर महतोलाई जनशान्ति मा.वि. कागबेनीमा अध्यापन गर्ने गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ६** : प्रस्ताब नं. ६ माथि छलफल गर्दा राष्टपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत बिद्यालयहरुवाट पेश हुन आएका प्रस्तावना स्विकृत गरी सम्वन्धित निकायमा पठाउने निर्णय गरियो ।

**निर्णय नम्बर ७** : प्रस्ताब नं. ७ माथि छलफल गर्दा बिद्यार्थी अभावका कारण तत्काल संचालन हुन नसकेको हिमाली आ.बि. शाङताको रेखदेख एवम व्यवस्थापन गर्ने जिम्मा सम्वन्धित वडालाई दिने निर्णय गरियो ।

**निर्णय नम्बर ८** : प्रस्ताब नं. ८ माथि छलफल गर्दा आगामी गाउँसभामा तपशिलमा उल्लेखित बिधेयक पेश गर्न सहमति दिने निर्णय गरियो ।

क) न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक
ख) संस्था दर्ता सम्बन्धी बिधेयक